**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १८ अक्तूबर २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज मलावीको राष्ट्रपति लजारस चाकवेरासग द्विपक्षीय बैठक गर्नुभयो।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले बागडोगरा विमानस्थलको विस्तार कार्यको आइतबार भर्चुअल रुपमा उद्घाटन गर्नुहुनेछ।

३. पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जीले राज्यका मुख्य सचिव र स्वास्थ्य सचिवसँग अस्पतालहरूको सुरक्षा व्यवस्थाको समीक्षा गर्न बैठक गर्नुभयो।

४. खरसाङ नगरपालिकाका पूर्व उपाध्यक्ष तिलककुमार प्रधानको निधन भएको छ।

५. चाडबाडको समय अत्यधिक भाडा लिएको बिषय सगै ट्राफिक समस्यालाई लिएर आज महकुमा शासकको पहलमा वैठक सम्पन्न

**राष्ट्रपति मलावी यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मुले आज मलावीको राष्ट्रपति लजारस चाकवेरासग द्विपक्षीय बैठक सगै प्रतिनिधिमंडल स्तरीय वार्ता गर्नुभयो। यस अवसरमा कला, संस्कृति, खेल, युवा मामिला अनि फार्मा क्षेत्रमा चार समझौता ज्ञापनमा समेत हस्ताक्षर भएको छ। यसैबीच भारतले मलावीलाई एक हजार टन चावलको आपूर्ति गर्ने समेत घोषणा गरेको छ।

****** ० ******

**बागडोगरा**

प्रधानमन्त्री नरेन्द्र मोदीले बागडोगरा विमानस्थलको विस्तार कार्यको आइतबार भर्चुअल रुपमा उद्घाटन गर्नुहुनेछ। यसको तयारी सुरु भईसकेको छ। लामो समयको ढिलाइपछि आइतबारदेखि बागडोगरा विमानस्थलको विस्तारको काम सुरु हुँदैछ। प्रधानमन्त्री मोदीले वाराणसीबाट भर्चुअल माध्यमबाट कामको शुभारम्भ गर्नुहुनेछ। यसका लागि सिलिगुडीको काभाखाली मैदानमा पण्डाल स्थापना गर्न लागिएको हो। अर्कोतर्फ छिमेकी राज्य सिक्किमका लागि पनि खुसीको खबर छ। नागरिक उड्डयन मन्त्रालयले गान्तोक नजिकैको राङकामा नयाँ विमानस्थल बनाउने निर्णय गरेको छ, जसको काम केही दिनमै सुरु हुनेछ। स्रोतका अनुसार केन्द्र सरकारले सिक्किमको एक मात्र पाक्योङ विमानस्थल वायु सेनालाई हस्तान्तरण गर्ने निर्णय गरेको स्रोतका अनुसार केन्द्रले चीनमाथि निगरानी राख्न पाक्योङ विमानस्थल वायु सेनालाई हस्तान्तरण गर्ने निर्णय गरेको छ। तर, हस्तान्तरण गर्नुअघि केन्द्र सरकारले सिक्किममा नयाँ विमानस्थल निर्माण गर्नेछ। यसका लागि केन्द्रले गान्तोकबाट करिब १४ किलोमिटर टाढा रहेको राङ्कामा जग्गा पहिचान गरी प्राथमिक तहमा काम सुरु गरेको छ। उपत्यका क्षेत्र भएकाले पाक्योङभन्दा ठूलो विमानस्थल बनाउने निर्णय भएको छ। बागडोगरा विमानस्थलको विस्तार वा नयाँ टर्मिनलको पूरा को समय सीमा भित्र राङ्कामा काम पूरा गर्न को लागी पनि केन्द्र प्रयास गर्नेछ। यस विमानस्थल निर्माण भएपछी सिलिगुडी–सिक्किमबीच हवाई सेवासँगै हेलिकप्टर सेवा पनि सुरु हुने विश्वास गरिएको छ।

****** ० ******

**प्रशाशानीक बैठक**

मदारीहाट विधानसभा उप चुनावलाई मध्यनजर राख्दै अलिपुरद्वार जिल्ला शासक आर. विमलाले हिजो अलिपुरद्वार जिल्ला प्रशासनिक भवन डुवर्सकन्यामा प्रशासनिक अधिकारीहरू राजनीतिक दलका प्रतिनिधिसँग वैठक गर्नुभयो। मदारीहाट

विधानसभा उप-चुनाव आगामी १३ नोभेम्बरमा हुने अधिसूचना चुनाव आयोगले निकालेपछि नामाकन प्रक्रिया आजदेखी शुरु भईसकेको छ। यसै सन्दर्भमा जिल्ला शासकले डुवर्सकन्यामा विभिन्न राजनीतिक दलका प्रतिनिधिसँग बैठक गरी विभिन्न निर्वाचन नियम र प्रतिबन्ध लगाउन आदेश दिनु भएको थियो भने बैठकमा जिल्ला पुलिस अधीक्षक वाई. रघुवंशी, अतिरिक्त जिल्ला मजिस्ट्रेट अश्विनी राय र महकुमा शासक देवब्रत राय र अन्य अधिकारीहरूको उपस्थिति रहेका थिए।

****** ० ******

**मदारीहाट**

मदारीहाट विधानसभा उप-चुनावको दिन घोषणा हुने बित्तिकै तृणमूल र भाजपा दुवै दलले आ-आफ्नो रणनीति तय गर्नको युद्दस्तरमा लागी परेका छन। यसैबीच अलिपुरद्वार जिल्ला तृणमूल कांग्रेस कार्यालयमा मदारीहाट विधानसभा उपनिर्वाचनको सन्दर्भमा साङ्गाठानिक बैठक सम्पन्न भयो। जिल्ला अध्यक्ष  तथा राज्यसभा सांसद प्रकाश चिक बडाइकको बिशेष उपस्थितिमा सम्पन्न सभामा उपचुनावको रननीति तयार गरिएको बताईएको छ। बैठकमा तृणमूल जिल्ला चेयरम्यान गंगाप्रसाद शर्मा, राज्य सचिव सौरभ चक्रवर्ती र मृदुल गोस्वामी, विधायक सुमन कान्जिलाल र अन्य जिल्ला नेताहरू उपस्थित थियो। अर्कोतर्फ, भाजपा सांसद तथा जिल्ला अध्यक्ष मनोज तिग्गाले मतदान रणनीति तयार अलिपुरद्वारस्थित जिल्ला पार्टी कार्यालयमा नेता औ विधायकहरूसँग बैठक गर्नुभयो।  मदारीहाट उपनिर्वाचनमा दुवै दलका सांसदले जित्ने प्रष्ट पारेका छन् तर पछिल्लो लोकसभामा मदारीहाट विधानसभामा भाजपा अगाडि छ भने स्वाभाविक रूपमा, सत्तारुढ दल तृणमूल कंग्रेसले विकासको मुद्दालाई अगाडि राखेर मदारीहाट बीजेपीसँग लड्ने बताएको छ।

****** ० ******

**पश्चिम बंगाल- मुख्यमंत्री**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जीले कालीघाट स्थित आफ्नो निवासमा राज्यका मुख्य सचिव मनोज पन्त र स्वास्थ्य सचिव नारायण स्वरूप निगमसँग अस्पतालहरूको सुरक्षा व्यवस्थाको समीक्षा गर्न हिजो बैठक गर्नुभयो।
बैठक जूनियर डॉक्टरहरुको १० वटा माग र अस्पतालको सुरक्षा व्यवस्थाका विषयमा छलफल गर्न बैठक बोलाइएको हो । करिब ४५ मिनेट चलेको बैठकमा मुख्यमन्त्रीले अस्पतालको सुरक्षा र पूर्वाधारमा भइरहेको प्रगतिबारे जानकारी लिनुभयो । यसैबीच जुनियर डाक्टरहरुको 'आमरण अनसन' आज १४ औं दिनमा प्रवेश गरेको छ । उनीहरूका १० वटा मागमध्ये अधिकांश अस्पतालको सुरक्षा र पूर्वाधारसँग सम्बन्धित छन् । राज्य सरकारले यसअघि नै उनीहरूलाई यस दिशामा कदम चालिनेछ, जसमा महिला प्रहरीहरू तैनाथ गरिने आश्वासन दिएको थियो यद्यपि, डाक्टरहरूले यी वाचाहरू कत्तिको पूरा भए भनेर बारम्बार सोधिरहेका छन्। अर्कोतिर बैठकपछि शुक्रबार मुख्य सचिवले राज्यका सबै मेडिकल कलेज र अस्पतालका अधिकारीहरूसँग नवान्नमा अर्को आपतकालीन बैठक बोलाउनु भएको छ ।

****** ० ******

**अभिनेता देवराज राय-निधन**

चर्चित अभिनेता देवराज रायको ७३ वर्षको उमेरमा बिहीबार राति निधन भएको छ । उहाँ मृगौला रोगबाट पीडित हुनुहुन्थ्या े। रंगमञ्च, सिनेमा र दूरदर्शनमा समाचार वाचन क्षेत्रमा आफ्नो छाप छोड्ने देवराज रायको निधनले सम्पूर्ण बंगाल शोकमा डुबेका े छ । अभिनेताको निधनमा शोक व्यक्त गर्दै मुख्यमन्त्री ममता बनर्जीले भन्नुभया े, "देवराज रायका े बंगाली फिल्म उद्योगमा एउटा विशेष नाम थिया े। उहाँले धेरै प्रसिद्ध निर्देशकहरूको फिल्ममा अभिनय गरेर प्रशंसा पाइसक्नु भएका े छ। म उहाँलाई लामो समयदेखि चिन्छु। उहाँको परिवारप्रति मेरो गहिरो समवेदना छ|

****** ० ******

**तिलककुमार प्रधान**

खरसाङ नगरपालिकाका पूर्व उपाध्यक्ष तिलककुमार प्रधानको निधन भएको छ। उहाँको आज बिहान 6:30 बजीतिर खरसाङ महकुमा अस्पतालमा 93 वर्षको उमेरमा निधन भएको हो। प्रधान विगत एक महिनादेखि बिमारीका कारण सिलगढीको एक निजी नर्सिङ होममा उपचाराधीन अवस्थामा रहेका थिए। स्वर्गीय प्रधान सन् 1984 देखि 1999 सम्म लगातार रुपमा 15 वर्षसम्म खरसाङ नगरपालिकाका भाइस चेयरम्यान रहनु भएको थियो। स्व प्रधानले आफुपछि दुई छोराहरू, चारजना छोरीहरू लगायत नाता नातिनीहरू र पनाति पनातिनीहरू छोडी गएका छन भने उहाँको पार्थिव शरीरलाई भोलि दिउँसो निजी निवासबाट निकालिने

बताइएको छ। यसैबीच खरसाङ नगरपालिकाका पूर्व उपाध्यक्ष तिलककुमार प्रधानको निधनमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापाले खदार्पणसहित श्रद्धाञ्जली अर्पण गर्नुभयो भने शोकित परिवारप्रति गहिरो शोक समवेदना प्रकट गर्दै परिवारका सदस्यहरूसित भेटघाट समेत गर्नुभएको छ।

****** ० ******

**अत्यधिक भाडा**

चाडबाडको समय अत्यधिक भाडा लिएको बिषय सगै ट्राफिक समस्यालाई लिएर आज महकुमा शासकको पहलमा गोर्खा एकता चालक संगठन ,एम बि आई , दार्जीलिङ ट्राफिक साथै कार्यकारी सभासद जीटीए पुल एण्ड ट्रान्सपोर्ट उदय देवान माझ दार्जीलिङमा सभा सम्पन्न भएको छ। सभामा सर्वसाधरणले दसैको समयमा भाग्नुपरेको समस्याहरुलाई गम्भीरतापुर्वक लिदै यात्रीको सुबिधाको निम्ति दार्जीलिङ अनि सिलिगुडी क्षेत्रहरूमा हेल्प लाईन नम्बर जारी गर्नुको साथै माईकिङ द्वारा जानकारी गराईने निर्णय गरिएको छ

****** ० ******

**कालेबुङ**

कालेबुङ हर्टिकल्चरिस्ट एन्ड फ्लोरिस्ट एसोसिएसनको आयोजनामा आजदेखि कालेबुङ इण्ड्रस्ट्रीयल पार्कमा तीन दिवसीय पुष्प प्रदर्शनी शुरु भएको छ। कालेबुङ नगरपालिकाका प्रशासक रवि प्रधानको बाहुलीबाट रिबन काटेर उक्त प्रदर्शनीको शुरुवात गरिएको थियो भने कार्यक्रममा सभासद सिनोरा नाम्चु, विकास राई, भागोप्रमो कालेबुङ जिल्ला मुलसचिव बारुद थापा लागायतको विशेष अतिथिको रूपमा उपस्थित रहेका थियो।

****** ० ******

**गोर्खाल्याण्ड एक्टिभिस्ट समूह**

गोर्खाल्याण्ड एक्टिभिस्ट समूहले दिल्लीको लद्दाख भवनमा सोनाम वाङचुकसित सौहार्दपूर्ण भेटघाट गरेका छन्। लद्दाखमा नब्बे प्रतिशत अनुसूचित जनजातिहरू रहेको भन्दै छैटौं अनुसूचीको मांगलाई लिएर अनशनमा रहेका सोनाम वाङचुकलाई साथ र समर्थन जनाउँदै गोर्खाल्याण्ड एक्टिभिस्ट समूहले दिल्लीमा पुगेर भेटघाट गरेका छन्। गोर्खाल्याण्ड एक्टिभिस्ट समूहको मुख्य संयोजक किशोर प्रधानको अगुवाईमा गएको पाँचजना सदस्य प्रतिनिधि टोलीले डा सोनाम वाङचुकसित सौहार्दपूर्ण भेटघाट गरेका छन्।

****** ० ******

**स्टेफी**

भारतको पूर्व राष्ट्रपति एपीजे अब्दुल कलाम फाउन्डेसनको कोलकाताको आयोजनामा हावड़ा गान्धी मैदान भवनमा भएको अन्तराष्ट्रिय कवि सम्मेलनमा दार्जिलिङ लिजाहिल चियाबारीका नारी हस्ताक्षर तथा कवयित्री शारदा स्टेफीलाई एपीजे अब्दुल कलाम स्मृति सम्मानले सम्मानित गरिएको छ । गत 15 अक्टोबर 2024 को दिन भएको अन्तराष्ट्रिय कवि सम्मेलनमा फाउन्डेसनको तर्फबाट सम्मान गरिएको हो।

****** ० ******

**राइजिंग स्टार**

राइजिंग स्टार स्पोर्टिंग क्लब, फेञ्चेटार रिम्बिकको तत्त्वावधानमा आयोजित बिशाल सेंगदेन स्मृति दिपावली कप फूटबल प्रतियोगिताको आजको खेलमा बीएसके सिलगढ़ीले एकतर्फी जीतको साथ क्वार्टर फाइनलमा स्थान बनायो। फेञ्चेटार खेल मैदान आज भएको म्याचमा बीएसके सिलगढ़ीले  फ्रेण्ड्स युनाइटेड, दार्जीलिङलाई चार शुन्यको बिशाल अन्तरले हराएको हो। विजेता टीमबाट करण राई, बिशाल र विदेशी मूलका खेलाड़ी जूनियरले 1-1 गोल गरे। एउटा गोल आत्मघाती रह्यो। जूनियर-लाई प्लेयर अव् द म्याच चयन गरियो। 16 वटा नामी टीमहरूले हिस्सा लिएको यस टुर्नामेण्टमा बिजेता दललाई आकर्षक ट्रफीको साथमा 2.50 लाख रुपियाँको नगद पुरस्कार प्रदान गरिनेछ भने उपविजेता दललाई आकर्षक ट्रफीको साथमा 1.50 लाख रुपियाँको नगद पुरस्कार प्रदान गरिने आयोजक राइजिंग स्टार स्पोर्टिंग क्लबको पक्षमा बिनोद छेत्रीले बताएका छन्।

****** ० ******

**मिरिक**

मिरिक महकुमा अन्तर्गत फुवागडी चिया बगानको लामेटार गाउँ खेल मैदानमा सोसियल आई युथ क्लबको आयोजनामा सम्पन्न शहिद नर्बु यल्मो स्मृति नगदराशी फुटबल प्रतियोगिताको दोस्रो चरणको आज सम्पन्न छैटौं दिनको प्रथम खेलमा छोटा टिङलिङ संगम फुटबल क्लबले मिरिक बहादुर गाउँलाई २ को बिरुद्ध ७ गोलले पराजित गर्यो भने दोस्रो खेलमा सिंगबुली टिएलजीले १ को विरुद्ध ३ गोल ले छब्बिसे फुटबल क्लबलाई पराजित गर्यो।

****** ० ******

**सिलगढी गाईवस्तु तस्करी**

सिलगढीमा गाईवस्तु तस्करीका लागि लैजाँदै गरेको गाईवस्तुले भरिएको वाहन पुलिसले नियन्त्रणमा लिएको छ । बिहारबाट बंगलादेश तस्करी भइरहेको वाहनबाट २५ वटा गाईवस्तु बरामद गरिएकाे हाे। वाहन चालकलाई पुलिसले नियन्त्रणमा लिएको छ । चालकले सोधपुछको क्रममा आफूले बिहारबाट बंगलादेश गाईवस्तु लैजादै गरेको बताएकाे छ भने पुलिसले यस सम्बन्धमा थप कारबाही सुरु गरेको छ ।

****** ० ******

**घैयाबारी**

तीनधारे महानदी समष्टि अन्तर्गत घैयाबारीको मानेडाँड़ा क्षेत्र पर्यटकीय दृष्टिकोणमा प्रशस्त सम्भावना देखिएको छ।घैयाबारीको गुरुङ गाउँदेखि केही माथितिर रहेको मानेडाँडा क्षेत्रमा पर्यटकीय स्थलहरू बनिन सक्ने सम्भावना प्रशस्त देखिएको छ। यस क्षेत्रमा पर्यटन व्यवसायको लागि पूर्वधारहरू विकसित गर्न सकिए धेरै राम्रो हुने स्थानीयहरूले बताएका छन्।

****** ० ******

**आरजी कार**

जलपाईगुडी सहरमा आरजी कार घटनाको बिरोध तथा पीडितको न्यायको मागमा महिलाहरूले कडा विरोध जुलुसको साथ जलपाईगुडी शहर गुन्जाएका छन। जागो नारी जागो भनिशिखा प्लेटफर्म जलपाईगुडी जिल्ला समितिले सडकमा र्‍याली निकालेर विरोध प्रदर्शन गरेका थिए

****** ० ******